
# लेखापरीक्षण प्रतिवेदन

# रुन्टीगढी गाउँपालिका, रोल्पा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रुन्टीगढी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/610

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

रुन्टीगढी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रोल्पा।

## कैफियतसहितको राय

हामीले यस गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेश गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकिकृत वित्तीय विवरण (म.ले.प.फा.नं- २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको रकम रू.१० करोड ४३ लाख ८४ हजार सुत्रमा समाबेश भएको छैन।

२. यस गाँउपालिकाको रु.१ अर्व १३ करोड १९ लाख ४७ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड २४ लाख २४ हजार बेरुजु देखिएको छ। यस सम्बन्धमा रु.२४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.१ करोड २४ लाख रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू.१० लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८७ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.२६ लाख २२ हजार रहेको छ। गत वर्षसम्म रु.८ करोड ५३ लाख ९३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू.३ करोड ५८ लाख ८२ हजारको फस्र्यौट भई हालसम्मको अद्यावधिक बेरुजु रु.६ करोड १९ लाख ११ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रुन्टीगढी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रुन्टीगढी गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ५७ | १,२४,२४,१०७ | ० | ३ | २४,३९० | ० | ६७ | ५४ | १,२३,९९,७१७ | १०,६१,६७० | २६,२२,३१० | ८७,१५,७३७ | ० | ० | १,१३,३८,०४७ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोल्पा | ८,५३,९३,००० | ० | ३,५८,८२,१४६ | ४,९५,१०,८५४ | ० | १,२३,९९,७१७ | ६,१९,१०,५७१ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४७ | भ्रमण भत्ता | ८,००० |
| २ | २०८०/८१ | ६६ | निर्माण सामाग्रीको बढी दरमा भुक्तानी | १०,१४० |
| ३ | २०८०/८१ | ४४ | अनुदान | ६,२५० |
| ४ | २०७९/८० | २६ | होलेरी वजार प्रा स्वा के कालोपत्रे | ६,९७,८०० |
| ५ | २०७९/८० | ४७ | स्रोतमा करकट्टी | २२,८६५ |
| ६ | २०७९/८० | ४१ | स्थानीयको विद्युत विल भुक्तानी | ५,७९,८०३ |
| ७ | २०७९/८० | १७ | सोलार प्यानल खरीद | ४,८०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | २० | सीमा भन्दा बढीको सोझै खरिद | २५,३५,३१० |
| ९ | २०७९/८० | २४ | सिलवन्दी दरभाउपत्र | १७,३६,९१६ |
| १० | २०७९/८० | ३५ | सामाजिक सुरक्षा तर्फ | २,२३,०६० |
| ११ | २०७९/८० | ३१ | सत्मुले खानेपानी योजना | ६८,९७,५५६ |
| १२ | २०७९/८० | ३०.१ | श्री भीमसेन मा वि सैवाङ | १७,२२,५०५ |
| १३ | २०७९/८० | ३३ | शीर्षक फरक पारि खर्च | ९७,६५० |
| १४ | २०७९/८० | ३२ | शिक्षा तर्फ | २१,२०,३९७ |
| १५ | २०७९/८० | २७ | बैठक भत्ता | ३८,२५० |
| १६ | २०७९/८० | २२ | बढी भुक्तानी | ४०,०२५ |
| १७ | २०७९/८० | ३८ | फिल्ड भत्ता | १४,९९,००० |
| १८ | २०७९/८० | ४४ | प्रयोग भएको नदेखिएको | ३,२५,००० |
| १९ | २०७९/८० | १९ | प्रदेश सरकार पुँजिगत तर्फ | २,०५,३६० |
| २० | २०७९/८० | २३ | निर्माण सामाग्री खरिद | १२,४२,४९१ |
| २१ | २०७९/८० | १६ | दोहोरो भुक्तानी | १४,९२,४७० |
| २२ | २०७९/८० | ३४ | तोकिएको काममा खर्च नभएको | ७४,५४० |
| २३ | २०७९/८० | २५ | उपभोक्ता समिति मार्फत खरिद | २,५२,३३६ |
| २४ | २०७८/७९ | ८५ | स्वकीय सचिव | २,८२,००० |
| २५ | २०७८/७९ | ८० | भ्रमण आदेश भन्दा बढी भुक्तानी | १,२०८ |
| २६ | २०७८/७९ | ६८ | भगवति मा बि भवन निर्माण | ३६,०९,८७३ |
| २७ | २०७८/७९ | ६९ | भगवति मा बि को कार्य सम्पन्न प्रतिशेदन | ७,५२,८२२ |
| २८ | २०७८/७९ | ४८ | बिस्तृत नापी भन्दा बढि भुक्तानि | १,०७,१२७ |
| २९ | २०७८/७९ | ८२ | बढी दरमा भुक्तानी | ८,००० |
| ३० | २०७८/७९ | ३८ | फरक शिर्षकमा खर्च | ३,०६,००० |
| ३१ | २०७८/७९ | ५९ | प्राबिधिक मूल्यांकन र बिजकबिच समानजस्यता | २,०६,५०२ |
| ३२ | २०७८/७९ | ५६ | नन्फाईलर | ११,६४,९७२ |
| ३३ | २०७८/७९ | ८३ | दररेट भन्दा बढी भुक्तानी | ७,८२६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | २०७८/७९ | ६७ | उपभोक्ताबाट काम गराउदा लागत अनुमान संशोधन | १,६१,५७५ |
| ३५ | २०७७/७८ | ५७ | मुहान(मूल) विवाद | ३३,००,९८७ |
| ३६ | २०७९/८० | १३ | पेश्की बाँकी | १०,४५,००० |
| ३७ | २०७९/८० | ४ | कर्मचारी व्यवस्था | २६,४४,९२० |
| जम्मा | | | | ३,५९,०६,५३६ |

# (८०५५४५०५३०० - रुन्टीगढी गाउँपालिका, रोल्पा )

# रुन्टीगढी गाउँपालिका , रोल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** नेपाल सरकार एवं स्थानीय तहमै उवलब्ध हुने स्रोतसाधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामुलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलाप सञ्चालन गर्ने रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।८ देखि २०८१। ५। ११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१ अर्व १३ करोड १९ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४३८४७६.४९ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रमवापतको वढी भुक्तानी | १४६९०० |
| २ | छात्रवृत्ति बढी रकम भिमसेन मा वि | १८००० |
| ३ | विज्ञापनवापत बढी भुक्तानी | ४३५० |
| ४ | सामाजिक सुरक्षा फिर्ता | २६९२२६।४९ |

२ **सन्चित कोषको अवस्था**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय/ व्यय हिसाबको आर्थिक वर्ष २०८०/ ८१ को कोषको संचित व्यवस्था निम्न अनुसार रहेको छ ।

| क्र.स./आर्थिक सङ्केत | विवरण<br>राजस्व अनुदान र अन्य प्राप्ति | टिप्पणी नं | चालु आ.ब.को कारोबार<br>नगद | तेस्रो पक्ष भुक्तानी (सोभै भुक्तानी) | जम्मा |
|---|---|---|---|---|---|
| ११००० | कर | | १०२६५५९९२.०१ | ० | १०२६५५९९२.०१ |
| १३००० | अनुदान | | ३४०५९६९३७.३ | ० | ३४०५९६९३७.३ |
| १४००० | अन्य राजस्व | | १०५८४४८९.६ | ० | १०५८४४८९.६ |
| १५००० | विविध प्राप्ति | | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४५३८३७४१८.९१ | | ४५३८३७४१८.९१ |
| ३ | चालु | | ३२६६०४५७२.३ | ० | ३२६६०४५७२.३ |
| २१००० | पारिश्रमिक / सुविधा | | ६५७४५०१६.६७ | ० | ६५७४५०१६.६७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १३०१२८१९८.६३ | ० | १३०१२८१९८.६३ |
| २३००० | स्थिर सम्पत्तिको उपभोग खर्च | | १८४०४७ | ० | १८४०४७ |
| २६००० | अनुदान | | १२९५२५८५५ | ० | १२९५२५८५५ |
| २७००० | सामाजिक सुरक्षा | | ० | ० | ० |
| २८००० | अन्य खर्च | | १०२१४५५ | ० | १०२१४५५ |
| ४ | पूंजीगत | | १४०९७३२६३ | ० | १४०९७३२६३ |
| ३१११० | भवन तथा संरचना | | २०३५०२५६ | ० | २०३५०२५६ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | ५३१३०८५ | ० | ५३१३०८५ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ११५३०९९२२ | ० | ११५३०९९२२ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४६७५७७८३५.३ | | ४६७५७७८३५.३ |
| ग) | बचत / कमी (ग=क-ख ) | | -१३७४०४१६.३९ | | -१३७४०४१६.३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | -८२१९४० | | -८२१९४० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -१४५६२३५६.३९ | | -१४५६२३५६.३९ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४०६२१८९१.९४ | | ४०६२१८९१.९४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २६०५९५३५.५५ | | २६०५९५३५.५५ |

३ **अन्तर सरकारी अख्तियारी**

पालिकाले तयार गरेको आर्थिक विवरणमा निम्नानुसारको कारोवार समावेश भएको छैन ।

| बजेट उपशीर्षक | निकासा | खर्च |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | १०४३८३६०४ | १०४३८३६०४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **स्वीकृत ढाँचा**

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

४.२ प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.४५ करोड ३८ लाख ५८ हजार र गत वर्षको मौज्दात रु.४ करोड ६ लाख २१ हजार समेत जम्मा रु.४९ करोड ४४ लाख ७९ हजार र कुल भुक्तानी रु.४६ करोड ७५ लाख ७७ हजार देखाई धरौटी आकस्मिक कोष लगायत अन्य कोषको मौज्दातको घट रु.८ लाख २१ हजार गरी वर्षान्तमा रु.२ करोड ६० लाख ५९ हजार अन्तिम मौज्दात देखिन्छ ।

५ **हिसाब मिलान**

५.१ पालिकाले तयार गरेको म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनको घ मा धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातमा रु.८ लाख २१ हजारलाई ऋणात्मक देखाई अन्तिम मौज्दात रु.२ करोड ६१ लाख देखाएकोमा रु.८ लाख २१ हजारलाई ऋणात्मक देखाई हिसाब मिलान गर्नुको प्रमाण पेश गर्नुपर्दछ ।

५.२ पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

## ६ फरक हिसाव

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार बैङ्क मौज्दात रु.५३३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | हिसाव समायोजन | बैङ्क मौज्दात |
|---|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ४१५४५८९३.८ | ५६१२४६५३३.२ | ५७६७११३६८.७ | ० | २६०८१०५९.०९ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ४०६२१८९१.९४ | ४५३८५८३८९.३७ | ४६७५७७८३५.३ | -८२१९४० | २६०८०५०६.०१ |
| फरक | | | | | ५३३.०८ |

## ७ खर्च बिश्लेषण

पालिकामा यस बर्ष कुल आन्तरिक आयबाट रु.१ करोड ५ लाख ९२ हजार, राजस्व बाँडफाँटबाट रु.१० करोड २६ लाख ६८ हजार र अनुदानबाट रु.३४ करोड ५ लाख ९६ हजार समेत रु.४५ करोड ३८ लाख ५८ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३२ करोड ६६ लाख ४ हजार (७० प्रतिशत) र पूँजिगत तर्फ रु.१४ करोड ९ लाख ७३ हजार (३० प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु.१ करोड ५ लाख ९२ हजार (२.२६) प्रतिशत रहेको छ । यस बर्ष प्रशासनिक खर्च वापत रु.६ करोड ५७ लाख ४५ हजार खर्च भएको छ जुन आन्तरिक आयको ६ गुणा बढी खर्च हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ ।

## ८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासमयमा दाखिला गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल, भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिई निजहरु मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश योजनामा पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ९ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी अषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने ब्यबस्था छ र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृति भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले (प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ब्यबस्था छ) यस स्थानीय तहमा बर्तमान उपाध्यक्ष श्री सरिता के.सी. ले २०८०/०३/१० गते रु.५३९७२४८३८.०४ को बजेट सभा समक्ष पेश गरी सोही दिन पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/३/१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्नेमा मिति २०८०/३/२५ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## १० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ११ अबकाश कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षको गो.भौ.नं. २७९/२०८०/१०/१८ बाट सृजना सिंहलाई राजिनामा पछिको सुविधा वापतको रकम कर्मचारी कल्याणकोषबाट रु.२१ लाख र पारिश्रमिक कर्मचारी शीर्षकबाट रु.२ लाख ३७ हजार गरी रु.२३ लाख ३७ हजार भुक्तानी भएकोमा पालिकाले कानून बमोजिम रकम कट्टी गरी जम्मा गरेको देखिएन । अतः कानून बमोजिम अवकाश कोषको स्थापना गरी रकम जम्मा गर्नुपर्दछ ।

## १२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो पर्न सक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

## १३ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा,कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । पालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार ७२ योजनाको लागि विनियोजन भएको रु.२ करोड २५ लाख ८४ हजार घटाई १२९ योजनामा रु.२ करोड ८८ लाख ८४ हजार बजेट थप गर्न वर्षान्तमा रकमान्तर तथा स्रोतान्तर गरेको हुँदा बजेटको सहि सदुपयोग नहुन सक्ने जोखिम रहेको हुँदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नु पर्दछ ।

## १४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले माथि उल्लेखित कानूनी प्रावधान अनुसार त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १५ कानून निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ५ वटा नियमावली, १ वटा आचार संहिता, ४० वटा कार्यविधि, ५ वटा निर्देशिका समेत ६३ वटा कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१६ **न्याय सम्पादन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ। समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| १५ | १०८ | १२३ | ८० | ५ | २३ |

१७ **योजनाको प्रगति**

पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष २७६ वटा योजना विनियोजन गरी २७२ वटा योजना मध्ये ११ वटा योजना ठेक्का मार्फत र बाँकी २६१ वटा योजना उपभोक्ता समिति मार्फत कार्य गराई औषत भौतिक प्रगति ९८.५५ प्रतिशत र औषत वित्तीय प्रगति ९८ प्रतिशत भएको देखिएकोमा ४ वटा योजनाको प्रगति शुन्य र बाँकी योजनाको प्रगति शतप्रतिशत रहेको छ ।

१८ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्टयाएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाख सम्म | ६३ वटा |
| २ | १ लाख देखि ५ लाख सम्म | १८० वटा |
| ३ | ५ लाख देखि २० लाख सम्म | ३१ वटा |
| ४ | २० लाख देखि ५० लाख सम्म | २ वटा |
| | जम्मा | २७६ वटा |

१९ **कर्मचारी व्यवस्थापन**

१९.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई, करार र ज्यालादारी गरी २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१९.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले कुल १९ जना कर्मचारीलाई करार सेवामा नियुक्त गरि रु.१ करोड २९ लाख खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले ऐनले तोकेभन्दा फरक पदमा ३ जना सामाजिक परिचालकहरुलाई करारमा नियुक्ति गरी मासिक रु.२० हजारको दरले वार्षिक रु.८ लाख १० हजार खर्च लेखेको अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ८,१०,००० |

२० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३० जना कर्मचारीको रु.२ करोड ६४ लाख ९८ हजार र पालिकाका तर्फ २४ जना कर्मचारीको रु.१ करोड ६७ लाख ५७ हजार (पालिका तर्फको आ.ले.प. बाट प्रमाणित भएको) गरी रु.४ करोड ३२ लाख ५५ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२१ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ रु.१४ लाख ६५ हजार खर्च गरेको छ । खाजा तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । पालिकाले आगामी दिनमा मापदण्ड बनाई आवश्कता र औचित्यको आधारमा खर्च गरी यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२२ **सवारी साधन मर्मत**

सवारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म.ले.प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

• समयक्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक लगबुक राखेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

• पालिकाका कर्मचारीलाई मासिक रुपमा इन्धन र सवारी साधन मर्मत सुविधा दिन सकिने ब्यवस्था गरी यस वर्ष पालिकाले सवारी साधन मर्मत र ईन्धन खर्च शिर्षकमा रु.४४ लाख ४६ हजार भुक्तानी भएको छ । यसरी सार्वजनिक कोषको रकम खर्च गर्दा सकभर मितव्ययिता अपनाउनु पर्दछ ।

२३ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष पुँजीगततर्फ निर्मित भवनको संचरनात्मक सुधार रु.१० लाख, मर्मत सम्भार कोष रु.२५ लाख गरी जम्मा रु.३५ लाख अबण्डा बजेट राखी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२४ **क्षेत्रगत वजेट**

२४.१

पालिकाको कुल बजेट रु.५३ करोड ९७ लाख २४ हजार र खर्च रु.४६ करोड ७५ लाख ७७ हजार खर्च भई समग्रमा ८६.६३ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क्र.सं. | क्षेत्रगत बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| 1. | आर्थिक विकास | २२७७३७०४ | ४ |
| 2. | सामाजिक विकास | २७८७४१८०२ | ६० |
| 3. | पूर्वाधार विकास | ७३४१८६३४ | १६ |
| 4. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३३३०३१९ | ३ |
| 5. | कार्यालय संचालन तथा प्रशासनिक | ७९३१३३७६ | १७ |
| जम्मा | | ४६७५७७८३५ | १०० |

२४.२ उपरोक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ६० प्रतिशत, पूर्वाधार विकासमा १६ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा १७ प्रतिशत, आर्थिक विकास तर्फ ४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३ प्रतिशत मात्र रहेको देखियो । अत: आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

## २५ चौमासिक पुँजीगत खर्च प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शिर्षक | कुल पुँजीगत खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1 | पुँजीगत | १४०९७३ | ५६८१ | २९५४० | १०५७५१ | ३५६०३ |

## २६ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउने तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यावन्यनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ । पालिकाले आ.व. २०८०।८१ मा प्रवाह गरेको सेवाको विवरण निम्न छन् :

| विवरण | सेवा प्रवाह |
|---|---|
| जन्मदर्ता | ९४७ |
| मृत्युदर्ता | २४८ |
| बसाईसराई दर्ता | १६४ |
| विवाह दर्ता | ३६९ |
| सम्बन्धविच्छेद दर्ता | ५२ |

## २७ पदाधिकारी सुबिधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७६ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाका सदस्यले आफु निर्बाचित भई अनुसूची-२ बोमोजिम पद तथा गोपनियताको सपथ लिई आफ्नो काम कारबाही शुरु गरेको मितिदेखि मासिक सुबिधा बापत पाउने ब्यबस्था गरेअनुसार ऐनको अनुसूची १ मा उल्लेख भएको सुबिधा बमोजिम आ.ब. २०८०/८१ मा रु.९० लाख ६८ हजारको खर्च लेखी रकम भुक्तानी भएको देखिन्छ ।

२८ **कोष व्यवस्थापन**

गाउँपालिकाले विपद् व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष जस्ता कोष खडा गरेको छ । आवश्यक नदेखिएका कोषहरु आपसमा मर्ज गरी एउटै कोषवाट कार्य संचालन गर्ने गरी कार्य गर्नुपर्दछ ।

२९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड १० लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०। ८१ मा रु.८७ लाख २६ हजार प्राप्त गरी प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|
| १ | सम्पती कर | ० | १,०१४.०० |
| २ | भुमिकर/मालपोत | १३००००० | १४११६७१ |
| ३ | वहाल कर | ३००००० | ४०९३७५ |
| ४ | सवारी साधन कर (साना सवारी) | २००००० | ० |
| ५ | अन्य कर | ४५०००० | २,८००.०० |
| ६ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५०,०००.०० | ० |
| ७ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १००००० | ० |
| ८ | अन्य बिक्रीबाट प्राप्त रकम | ३३५०००० | ३१३२०३१ |
| ९ | नहर तथा कुलो उपयोग वापतको शुल्क | ५०,०००.०० | ० |
| १० | अन्य सेवा शुल्क तथा बिक्री | ० | ९४,०००.०० |
| ११ | न्यायिक दस्तूर | १००००० | ३१,४००.०० |
| १२ | शिक्षा क्षेत्रको आम्दानी | १००००० | ३०,०००.०० |
| १३ | परीक्षा शुल्क | ५०,०००.०० | ० |
| १४ | अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | ६०३५२० |
| १५ | पार्किङ्ग शुल्क | ५०,०००.०० | ० |
| १६ | नक्सापास दस्तुर | १००००० | ० |
| १७ | सिफारिश दस्तुर | ११००००० | १४४३४१५ |
| १८ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ३४६३५९ |
| १९ | नाता प्रमाणित दस्तुर | १००००० | ७,४००.०० |
| २० | अन्य दस्तुर | ० | ११२३४३ |
| २१ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | ० |
| २२ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ५०,०००.०० | ० |
| २३ | प्रशासनिक दण्ड जरिवाना र जफत | १००००० | ० |
| २४ | धरौटी सदरस्याहा | ३००००० | ० |
| २५ | अन्य राजस्व | ० | १७८६७६ |
| २६ | व्यवसाय कर | १३००००० | ९२२३४९ |
| २७ | बेरूजू | ४००००० | ० |
| जम्मा | | ११०५०००० | ८७२६३५३ |

३० **घर जग्गा बहाल कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.१४ लाख ११ हजार संकलन गरेको छ । पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३१ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रु.९२२३४९ प्राप्त गरेको छ । पालिकाले आगामी दिनमा आफ्नो कार्य क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी कार्य क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याई लक्ष्य अनुसारको राजश्व संकलन गर्नुपर्दछ ।

३२ **राजश्व परामर्श समिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अतः नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ ।

३३ **राजश्व अभिलेख**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प.फा. नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शिर्षकगत आम्दानी भिडान गर्न सकिएन । अतः नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

३४ **आय ठेक्कामा मु.अ.कर**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय तहले विभिन्न उद्योगबाट प्राप्त गरेको रोयल्टीमा मु.अ.कर असुल गर्नुपर्नेमा गरेको देखिएन । पालिकाले निम्नानुसार प्राप्त गरेको खानी रोयल्टीमा मु.अ.कर संकलन गरेको नदेखिएको हुनाले असुल हुनुपर्ने रकम रू.

| क्र. सं. | खानीको नाम | रकम ( रु.) | छुट मु.अ.कर |
|---|---|---|---|
| १ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ९४८२६ | १२३२७ |
| २ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ९८०९१ | १२७५१ |
| ३ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ६५१८१ | ८४७४ |
| ४ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ३१०३३ | ४०३४ |
| ५ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | १२३२४९ | १६०२२ |
| ६ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ७१४०३ | ९२८२ |
| ७ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ५०५२० | ६५६८ |
| ८ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ३०१९४ | ३९२५ |
| ९ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ६६५१६ | ८६४७ |
| १० | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | १२६७५ | १६४८ |
| ११ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ४३३९४ | ५६४१ |
| १२ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ६९५५२ | ९०४२ |
| १३ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | १३७१३३ | १७८२७ |
| १४ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ५६०८० | ७२९० |
| १५ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | ९८७२९ | १२८३५ |
| १६ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | २९५६४ | ३८४३ |
| १७ | सत्य साई कोल उद्योग प्रा. लि . | ३१८००० | ४१३४० |
| १८ | सुभम खनिज उद्योग प्रा. लि . | १७२०७२९ | २२३६९५ |
| | जम्मा | ३११६८६९ | ४०५१९१ |

| असुल गर्नुपर्ने | ४,०५,१९१ |
|---|---|

३५ **कार्यवाहक वडा अध्यक्ष**

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा पदाधिकारी तथा सदस्यले पाउने सुविधाको व्यवस्था गरेको छ । पालिकाले वडा नं. ४ का वडा अध्यक्षको निधन पश्चात सभा सदस्य भुवन पुनलाइ कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिई वडा अध्यक्ष सरहको सेवा सुविधा उपलब्ध गराएकोमा उल्लेखित कानुनमा कार्यवाहक वडा अध्यक्षलाई वडा अध्यक्ष सरह भत्ता उपलब्ध गराउने व्यवस्था नभएकोमा पालिकाले कानुनले पाउने भन्दा बढी सुविधा असूल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,०६,८७२ |
|---|---|

३६ **फिल्ड भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै काममा अनावश्यक रुपमा दोहोरो भए नभएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पालिका र मातहतका वडा कार्यालयमा कार्यरत प्राविधिकको लागि सरकारी सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध गराइरहेको अवस्थामा फिल्डमा काम गर्ने ११ जना प्राविधिकलाई फिल्ड भत्ता वापत यस वर्ष रु.१४ लाख ९९ हजार भुक्तानी भएको छ । कानूनी व्यवस्था अनुसार पालिकाले आगामी दिनमा दोहोरो सुविधा पर्ने गरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३७ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारीको सेवा सुविधासम्बन्धि ऐन, २०७६ (लुम्बिनी प्रदेश) मा पदाधिकारीले आफ्नो क्षेत्रभित्रको काममा अनुगमन भत्ता लिन पाउने व्यवस्था छैन । सो सम्बन्धमा पालिकाले थप कार्यविधिसमेत निर्माण गरेको छैन । गाँउपालिकाका विभिन्न योजनाहरुको अनुगमन गर्दा अनुगमन भत्तावापत पदाधिकारीलाई नियम विपरीत हुने गरी भुक्तानी भएको रकम रु.

| गो.भौ.नं. र मिति | पदाधिकारी/कर्मचारीको नाम | पद | भुक्तानी रकम |
|---|---|---|---|
| ३६२/२०८१/३/१८ | सरिता के.सी. | उपाध्यक्ष | १२००० |
| जम्मा | | | १२००० |

| अनियमित भएको | १२,००० |
|---|---|

३८ **ईन्धन खर्च**

सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ । पालिकाले ईन्धन खर्चमा यस वर्ष रु.२४ लाख ११ हजार खर्च लेखेको छ । ईन्धन खर्च शिर्षकमा देहायअनुसार खर्च गरेको छ ।

| विवरण | मापदण्ड अनुसार | खर्च रु. मा |
|---|---|---|
| ३० जना सम्म दरबन्दी भएको मापण्ड | डिजल १०० लि. | |
| | पेट्रोल ७५ लि. | |
| १ वटा पिकअप गाडि | | १८६००० |
| २८ मोटरसाईकल | १० लि. | ५८८००० |
| १ ब्याकु लोडर | | ५१९२५० |
| हुनुपर्ने खर्च रकम | | १२९३२५० |
| वित्तीय विवरणमा खर्च रकम | | २४११६७० |

कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन । मापदण्ड अनुसार हुने र भएको इन्धन खर्चबीच ठूलो रकम फरक परेको कारण यसतर्फ पालिकाको ध्यान जानुपर्दछ । पालिकाले मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ ।

३९ **शिविर संचालन**

पालिकाले मिति २०८१/३/१४ मा निशुल्क शिविर संचालन गरेको भनी गो.भौ.नं. ४१/२०८१/३/१७ बाट बुद्धिजिबी सेजुवाललाई रु.१६२०६० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसार देखियो ।

क) माथि उल्लेखित शिविरमा डाक्टरको टिमलाई ओसारपसार गर्ने भनी गाडी भाडा वापत रु.१०००० भुक्तानी भएको छ । उक्त भुक्तानीको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १०,००० |
|---|---|

४० **शिक्षक विद्यार्थी अनुपात**

४०.१ स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न ५४ सामुदायिक विद्यालयहरु मध्ये ३ वटा शुन्य दरवन्दी रहेको बाँकी ५१ वटा विद्यालयको दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालयको नाम | स्वीकृत दरबन्दी | कार्यरत शिक्षक | विद्यार्थी संख्या | विद्यार्थी/शिक्षक अनुपात |
|---|---|---|---|---|---|
| 1 | जनजागृति प्रा.वि छाप | ३ | ३ | १०१ | ३४ |
| 2 | शिव प्रा.वि सापडाँडा | ३ | ३ | ६९ | २३ |
| 3 | बालविकास प्रा.वि बोरिबाङ | ३ | ३ | १०३ | ३४ |
| 4 | बागेश्वरीप्रा.वि गातिना | २ | २ | ५८ | २९ |
| 5 | त्रिपुरेश्वरी आ.वि खारा | ५ | ५ | १४८ | ३० |
| 6 | नेपाल राष्ट्रिय मा.वि डुब्रिङ | ११ | ११ | ३६९ | ३४ |
| 7 | जालनेटा प्रा.वि वाबाङ | १ | २ | ४५ | २३ |
| 8 | बालकल्याण प्रा.वि हापखोला | २ | ३ | ६६ | २२ |
| 9 | बालकल्याण प्रा.वि बाईजा | १ | १ | ३६ | ३६ |
| 10 | चन्द्रोदय आ.वि जस्पुर | ५ | ५ | ११७ | २३ |
| 11 | भिमसेन मा.वि सैवाङ | २२ | २३ | ७८७ | ३४ |
| 12 | गणेश मा.वि धौलाबाङ | १० | १० | ३२० | ३२ |
| 13 | चेतनशिल प्रा.वि छिन्नेटा | १ | २ | ४५ | २३ |
| 14 | सरस्वति प्रा.वि नयागाँउ | ० | १ | ३५ | ३५ |
| 15 | जनकल्याण प्रा.वि कोलबोट | ० | २ | ४७ | २४ |
| 16 | उमाभक्त आ.वि उमा | ६ | ६ | २१२ | ३५ |
| 17 | दहडाँडा प्रा.वि राम्ली | ३ | ४ | १५२ | ३८ |
| 18 | पद्मोदय मा.वि दाङचोट | ५ | ५ | १६८ | ३४ |
| 19 | कोलडाँडा प्रा.वि लापाल | ३ | ४ | १०० | २५ |
| 20 | जनज्योति आ.वि लामिडाँडा | ५ | ६ | ३०१ | ५० |
| 21 | गैरिगाँउ प्रा.वि गैरीगाँउ | १ | १ | ६२ | ६२ |
| 22 | सिल्केपोखरी प्रा.वि गोरिनेटा | ३ | ३ | ६५ | २२ |
| 23 | दिपेन्द्र प्रा.वि दिसुन्धारा | २ | २ | ५७ | २९ |
| 24 | नेपाल राष्ट्रिय मा.वि रिठावोट | ८ | ८ | २८९ | ३६ |
| 25 | बालविद्या प्रा.वि ओबाङ | ३ | ३ | ५८ | १९ |
| 26 | महेन्द्र मा.वि होलेरी | १८ | १८ | ५७६ | ३२ |
| 27 | बालकल्याण प्रा.वि हानबाङ | ३ | ३ | ७३ | २४ |
| 28 | सरस्वति मा.वि सतिम | ८ | ८ | २७३ | ३४ |
| 29 | पशुपति प्रा.वि गैरा | ३ | ३ | ८८ | २९ |
| 30 | सिद्ध प्रा.वि लिबाङ | १ | १ | २६ | २६ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 31 | जनसेवा प्रा.वि खलिबाङ | ० | १ | २९ | २९ |
| 32 | देवेश्वरी प्रा.वि बान्द्रे | १ | १ | ३० | ३० |
| 33 | भानु आ.वि मगरगोरी | ४ | ४ | १६५ | ४१ |
| 34 | बालकल्याण आ.वि बलबाङ | ५ | ५ | १९१ | ३८ |
| 35 | ज्योतिपुञ्ज प्रा.वि सालिबाङ | १ | २ | ४९ | २५ |
| 36 | बालज्योति प्रा.वि खसगोरी | १ | २ | २४ | १२ |
| 37 | उत्तमजन प्रा.वि सालबाङ | ३ | ४ | १३२ | ३३ |
| 38 | चन्द्रोदय आ.वि जवाङ | ४ | ५ | २१० | ४२ |
| 39 | इन्द्रदेवी आ.वि लखना | ४ | ४ | २०२ | ५१ |
| 40 | सुर्योदय ने.रा.प्रा.वि उघाँ | २ | २ | ४५ | २३ |
| 41 | राष्ट्रिय प्रा.वि कट्टेधारा | १ | १ | २८ | २८ |
| 42 | हेमन्त आ.वि जुर | ५ | ५ | २५१ | ५० |
| 43 | सुर्योदय मा.वि मसिना | १५ | १५ | ७१२ | ४७ |
| 44 | जनता प्रा.वि भोर्ना | १ | २ | ६७ | ३४ |
| 45 | विहानी प्रा.वि लिघाँ | ३ | ३ | ९७ | ३२ |
| 46 | नवज्योति प्रा.वि मसिना | ३ | ३ | ८९ | ३० |
| 47 | सरस्वति आ.वि सखी | ५ | ६ | १६९ | २८ |
| 48 | कृष्ण प्रा.वि पलासेनी | १ | १ | २० | २० |
| 49 | बालकल्याण प्रा.वि साम्री | १ | १ | १० | १० |
| 50 | बालबोध प्रा.वि गुनाम | ३ | ३ | ८७ | २९ |
| 51 | जनकल्याण मा.वि सर्पाल | ९ | ९ | २४७ | २७ |
| 52 | बालतपशि प्रा.वि रुन्टी | १ | १ | १४ | १४ |
| 53 | बालज्योति प्रा.वि खुटी | १ | २ | २६ | १३ |
| 54 | ज्ञानकुञ्ज प्रा.वि टुनिबोट | २ | २ | ४३ | २२ |

४०.२ समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई नेपाल सरकारको योजना कार्यान्वियन गर्न सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । सोवमोजिम नेपाल सरकारले स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलव भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउदै आएकोमा सो रकम अपुग भई पालिकाले राजश्व बाँडफाँडबाट पालिका शिक्षण सिकाई अनुदान शिर्षकमा रु १३ लाख ४२ हजार ३३३ विनियोजन गरी खर्च गरेको छ ।

## ४१ परामर्श सेवा खरिद

४१.१ यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो.भौ.नं. र मिति | परामर्श सेवाको नाम | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ७८९/२०८१/३/२४ | होलेरीको विभिन्न सडक र पर्यटकीय क्षेत्र | प्रयास इन्जिनियरिङ्ग | ९८०००० |
| ५२३/२०८१/२/१ | डिजिटल प्रोफाइल तयारी | इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि. | १०९७२०७ |
| ९४/२०८०/७/२३ | डिजिटल प्रोफाइल तयारी | इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि. | ७३१४३१ |
| ७३४/२०८१/३/२० | राजश्व प्रणाली अपड्ट | जरुवा नेपाल प्रा.लि. | ७३३०८ |

४१.२ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

४१.३ परामर्शदातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा २० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ८० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

४१.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व वीमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पेशागत उत्तरदायित्व वीमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

४१.५ परामर्शदाताले पेश गरेको प्राविधिक प्रस्तावमा १ जना Environmental Engineer विज्ञ भएको उल्लेख गरेकोमा Sanitary Engineer को योग्यताको विवरण पेश गरेको देखिन्छ । यसरी आवश्यक भएको भन्दा फरक योग्यता भएको जनशक्तिबाट सेवा लिएको देखिन्छ । आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

४२ **क्षमता विकास कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई तथा प्रमाण कागजात संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ । गो.भौ.नं. ५६७/२०८१/२/२० मा पालिकाले पदाधिकारी तालिम क्षमता विकास कार्यक्रम वापत महिला सरोकार मञ्चलाई खर्च भुक्तानी गर्दा कार्यपत्र बापतको रकम रु.१६ हजार भुक्तानी भएकोमा सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००० |

४३ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए/नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने उल्लेख छ । गो.भौ.नं. ८/२०८०/९/१८ पालिकाले मिरा भेट सेन्टरबाट रु.४८७७६१ कोक पशु सेवा सम्बन्धी औषधी खरिद गरेकोमा सो औषधी तोकिएको गुणस्तर र परिमाणमा प्राप्त भएको निरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । साथै पालिकाले पशुपन्छी उपचार गर्न प्रयोग गरेको औषधीको पूर्ण विवरण अभिलेख नराखेको हुँदा के कति परिमाण खर्च र बाँकी भनी यथार्थ मूल्यांकन गर्न सकिएन । आगामी दिनमा औषधी प्राप्त भएको निरीक्षण प्रतिवेदन र सोको खर्चको यथार्थ विवरण राख्नुपर्दछ ।

४४ **अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले ७५ प्रतिशत अनुदानमा ४ वटा व्यावसायिक कृषि फर्मलाई कृषि अनुदान उपलब्ध गराएकोमा कुल खर्चको ७५ प्रतिशतभन्दा बढी भुक्तानी देहायका कृषि फर्महरुबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | फर्मको नाम | कुल खर्च | पालिकाबाट भुक्तानी भएको रकम | पालिकाले व्यहोर्नुपर्ने खर्च रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | चन्द्रदेव कृषि तथा पशुपन्छी फर्म | १२५००० | १००००० | ९३७५० | ६२५० |
| २ | बागेश्वरी कृषि तथा पशुपन्छी फर्म | १२५००० | १००००० | ९३७५० | ६२५० |
| ३ | हरियाली कृषक समूह | १२५०००० | १००००० | ९३७५० | ६२५० |
| जम्मा | | | | | १८७५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७५० |

४५ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ । गाउँपालिकाले आवश्यकता भन्दा बढी जिन्सी सामाग्री खरिद गरी एउटै कर्मचारीलाई एकभन्दा बढी जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो । कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामाग्रीको आवश्यकता पहिचान गरेर सामाग्री हस्तान्तरण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । एकभन्दा बढी सामाग्री लिएका कर्मचारीबाट उक्त सामाग्री फिर्ता लिनुपर्दछ ।

| कर्मचारीको नाम | पद | जिन्सी सामग्री | सामाग्रीको विवरण |
|---|---|---|---|
| सानुबाबु खड्का | अधिकृत छैठौं | ल्यापटप | २ वटा प्रयोग गरेको |
| विशाल बोहोरा | सूचना प्रविधि अधिकृत | ल्यापटप | २ वटा प्रयोग गरेको |
| दिपक पराजुली | आ ले प | ल्यापटप | २ वटा प्रयोग गरेको |
| रुपेश अधिकारी | ना सू | ल्यापटप | २ वटा प्रयोग गरेको |

४६ **अनुत्पादक तथा वितरणमुखी खर्च**

स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने देहायवमोजिम वितरणमुखी कार्यक्रमहरु खर्च लेखेको छ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।

४७ **भ्रमण भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **वितरण भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ । गो.भौ.नं. ३/२०८०/७/१६ पालिकाले घाँसको विउ वितरण गर्न २००० के.जी परिमाणको बर्षिम घाँस र २०० के.जी परिमाणको जै घाँसको बिरुवा खरिद गरेकोमा सो बिरुवा लाभग्राही कृषकलाई वितरण गरेको भरपाइ पेश नगरेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,००० |

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

४९.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रमका लागि रु.५० लाख १० हजार निकासा भई पालिका मातहतका ९ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ८३२ जना महिला र ४२७ जना पुरुष गरी जम्मा १२५० जना सूचीकृत भएकोमा जम्मा ७५ जनालाई १०८ दिन रोजगारी उपलव्ध गराई रु.४९ लाख ७७ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४९.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) अनुसार अधिकारी प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए/नभएको, उपयुक्त प्रमाण कागजात भए/नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका विभिन्न वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न बाटो खन्ने तथा मर्मत कार्यको लागि विभिन्न योजनाहरु संचालन गरी सम्बन्धित स्वयंसेवक श्रमिकलाई रकम भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा एकै किसिमका नरम माटो कटाई, कडा माटो कटाई, नरम चट्टान कटाई र मध्यम चट्टान कटाई भनी क्रमशः प्रति घन मिटर रु.३४४.२०, रु.४१२.८२, रु.१३७६.०८ र रु.२७५२.१६ का दरले भुक्तानी भएकोमा क्रस सेक्शनल नापी किताव पेश नभएको साथै माटो र चट्टान कटाईको प्रमाण पेश नगरी भुक्तानी दिने कार्य नियमित नभएको हुँदा उक्त कार्यको प्रमाणका कागजात पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम र वडा नं. | माटोको परिमाण (घन मिटर) | | चट्टानको परिमाण (घन मिटर) | | श्रमिक संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | | नरम | कडा | नरम | मध्यम | | |
| २१०/ २०८१/३/९ | डुब्रिङ धारापानी मोटर बाटो कच्ची नाला निर्माण (वडा नं. ६) | ७३४.४४ | ८७७ | ५१.०२ | ४.४ | ११ (औषत कार्यदिन ७०) | ५०१००० |
| ११६/ २०८१/३/११ | ढुङ्ग्री खोला केरा बारी उङा पदमार्ग (वडा नं. ४) | ४८७.२४ | ८७३.६४ | ७५.६५ | ३७.२५ | ११ (औषत कार्यदिन १००) | ७३४८०० |
| १९३/ २०८१/३/५ | रिचार्ज पोखरी (वडा नं. ३) | ८८.३६ | २४२.९८ | ६६.२७ | ४४.१८ | ६ (औषत कार्यदिन ७८) | ४००८०० |
| १९४/ २०८१/३/५ | श्यालापधेरा कुमालनेटा पदमार्ग | २८७.६४ | ५७०.६ | ६९.६१ | ३७.९१ | ८ (औषत कार्यदिन ७०) | ३७४०८० |
| १९५/ २०८१/३/५ | सालबाङ गाराङखोला पदमार्ग (वडा नं. ३) | ४८१.८८ | ९१६.१७ | १०१.९७ | ४३.३३ | १२ (औषत कार्यदिन १००) | ८०१६०० |
| २६३/ २०८१/३/१९ | धाप्चा देखि दाङचोट सम्म पदमार्ग | ४७७.६९ | ८९७.२६ | ७०.१८ | ४१.७४ | ११ (औषत कार्यदिन १००) | ७३४००० |
| Total | | | | | | | ३५४६२८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,४६,२८० |

५० **प्रमाण पेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) अनुसार अधिकारी प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए/नभएको, उपयुक्त प्रमाण कागजात भए/नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत गो.भौ.नं. १६४/२०८१/२/२ बाट जनज्योति आ.वि. लामिडाँडालाई पुस्तकालय स्थापना तथा व्यवस्थापन कार्यको लागि सगरमाथा साइन्स एण्ड टेक्नोलोजीको बिजकको आधारमा विभिन्न पुस्तकहरु खरिद गरेको भनी रु.६४४९९९ भुक्तानी भएको छ । आ.वि. तहमा विद्यालयको पाठ्यपुस्तकसँग मिल्ने विभिन्न उपन्यास, कथा, मुक्तक र चुटकिलाका पुस्तक खरिद गरी पुस्तकालय व्यवस्था गर्नुपर्नेमा सो भन्दा फरक विषयवस्तुका किताबहरुको विल पेश गरी भुक्तानी भएको हुँदा पुस्तक खरिद कार्यक्रममा नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६,४४,९९९ |

५१ **प्रविधि हस्तान्तरण**

गरिवि निवारण कार्य संचालन निर्देशिका २०७७ अनुसार स्थानिय तहले गरिवि निवारणको लागि विनियोजन भएको बजेटबाट संचालित सिपमुलक तालिम लाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नको लागि त्यसको लागि आवश्यक पूर्वाधारको लागि लाभग्राही समुहको २० प्रतिशत लागत साझेदारी गरी प्रविधि हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मेड्पा कार्यक्रमको प्रविधि हस्तान्तरणमा कार्यक्रमको लागि सिप मुलक कार्यक्रमसँग सम्वन्धित प्रवधि हस्तान्तरण गर्नुपर्नेमा पाइप खरिद गरी वितरण गरेको भनी गो.भौ.नं. २५३।२०८१।३।१७ बाट रु. २७६९६३ अनियमित तरिकाले खर्च भएकोले उक्त रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,७६,९६३ |

५२ **कृषि निरन्तरता**

कृषि आधुनिक प्ररियोजना संचालन सम्वन्धी कार्यविधि, २०७७ अनुसार स्थानीय तहले अघिल्लो आ.व मा संचालन भएका पकेट कार्यक्रमलाई ब्लकमा स्तरोन्नती गर्नको लागि पकेट कार्यक्रममा सन्तोषजनक प्रगति भएको अवस्थामा आवश्यक न्यूनतम सामाग्री तथा

अन्य आवश्यक सामाग्री खरिद गरी कार्यक्रम संचालन गर्नको लागि रकम विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.ब. २०७९।८० मा पकेट कार्यक्रमको लागि छनौट भएका चेतनशिल उत्पादन समुह र गुवारखोली कृषक समुहलाई गत आ.व पकेट कार्यक्रम संचालन बापत रकम भुक्तानी भई यस आ.व मा समेत कृषि पकेट कार्यक्रममा निरन्तरता बापत गो भौ नं २४५।०८१।३।१९ बाट चेतनशिल उत्पादन समुहलाई रु २५०००० र गो भौ नं २६८।०८१।३।१९ बाट रु. २५०००० गरी रु. ५००००० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) चेतनशिल उत्पादन समुह लाई गत आ व २०७९।८० मा पकेट कार्यक्रम संचालन गर्न मिनिट्रिलर ५ वटा, अर्थअगर १ थान र ट्रिमर २ थानको लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी भएको उक्त कार्यको लागि पकेट समुहले कुन कुन कार्य गरेको सो को अवस्थाको अनुगमन मूल्याङ्कन नगरिकनै यस आ.व मा समेत मिनिटिलर ५ थान, मल्चिङ्ग पलाष्टिक खरिद गरी भुक्तानी भएको हुदा सामुहिक रुपमा ७ रोपनी जग्गामा को लागि कति मिनिटिलर चाहिने हो सो को यकिन गरी सामुहिक रुपमा परिचालन गर्न सकिने गरी ब्लक कार्यक्रमका लागि चाहिने न्यूनतम प्रविधि तथा विऊ विजनको लागि अनुदान प्रदान गर्नुपर्नेमा विगत वर्षकै कार्यक्रममा अनुदान प्रदान गरी नियमसम्मत नभएको देखिएकोले आगामी दिनमा नियमानुसार कार्य गर्नुपर्दछ ।

## ५३ प्रविधि हस्तान्तरण

५३.१ गरिबी निवारणका लागि लगु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार स्थानीय तहले आधारभूत तालिम संचालनसँग सम्बन्धित प्रविधि तथा उपकरण उनीहरुको २० प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरेकोमा कार्यालयले गो.भौ.नं. २७१/२०८१/३/२० बाट जनता एग्रोभेटलाई रु.९०६२० र रुपेश अधिकारीलाई रु.१७१०० गरी जम्मा रु.१११००० भुक्तानी दिएको स्रेस्तामा निम्नानुसारको व्यहोरा देखियो ।

५३.२ कार्यविधि अनुसार सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नको लागि कम्तिमा ५ जना समूहमा प्रविधि हस्तान्तरण शिर्षकबाट चार्ज स्प्रे १५ सेट, मल्चिङ प्लाष्टिक २ रोल लगायत अन्य सामाग्रीको जम्मा रु.९२००० र ढुवानी वापत रु.१९००० गरी रु.१०७७२० कार्यविधि विपरीत भुक्तानी दिई अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | १,०७,७२० |

## ५४ रकम फिर्ता

पालिकाले एक गाऊँ एक प्राविधिक कार्यक्रममा रु.१० लाख ५१ हजार विनियोजन भएकोमा ३ जना प्राविधिकलाई १ महिनाको चाडपर्व खर्च सहित ६ महिनाको तलब भत्ता संघीय अनुदानबाट खर्च लेखी बाँकी ६ महिनाको तलब भत्ता र पोशाक खर्च सम्बन्धित स्थानीय तहले भुक्तानी दिनुपर्ने व्यवस्था अनुरुप ३ जनाको रु.६९०९४२ मात्र खर्च लेख्नुपर्नेमा रु.३६००५८ बढी हुने गरी रु.१० लाख ५१ हजार लेखी बढी खर्च लेखेको रकम संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०,०५८ |

## ५५ वीमाको प्रमाण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्ने र सोको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले NCB NO. RRM 02/081.81 को छरछरे अपुते लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि कुरेली निर्माण सेवासँग सम्झौता गरी कार्यादिश दिएकोमा प्रथम रनिङ्ग विल बापत गो भौ नं २०।०८१।१।१२ बाट रु. ३७५५५२२ भुक्तानी भएकोमा पि एस आइटमा समावेश गरी विमा बापत रू.४५६६४ भुक्तानी भएकोमा उक्त विमाको विजक संलग्न नगरी भुक्तानी गरेको देखिएकोले उक्त वीमा बापत भुक्तानीको रकमको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,६६४ |

## ५६ पोडिडाँडा झोलुङ्गे पुल निर्माण

५६.१ पोडिडाँडा झोलुङ्गे पुल निर्माण कार्यको लागि संघीय सरकार, पालिका र पोडिडाँडा झो पु निर्माण उपभोक्ता समितिसँग सम्झौता भई यस वर्ष गो भौ नं नं २।०८०।७।२३ बाट रु. ५०९६५० र गो भौ नं २१।०८१।१।१८ बाट रु. १०००० र गत आ व मा गो भौ नं ७१।०८०।३।६ बाट रु. ३५८३५० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

५६.२ पालिकाले सवै प्रकारको माटो काट्ने कामको लागि प्रति क्यू मि रु. ४६४ स्वीकृत गरेको अवस्थामा माथि उल्लेखित झोलुङ्गे पुलमा एक्साभेसन अल टाइप अफ स्वाइल भनी १५२ क्यू मि को प्रति क्यू मि रु. ११६४ (डोलिडारको नर्म्स) का दरले भुक्तानी दिई बढी व्ययभार रु.१०६४०० परेको हुनाले नर्म्समा एकरुपता कायम गर्नपर्दछ ।

५६.३ सिमेन्टको लागत अनुमान प्रति वोरा रु.९०४ का दरले लागत अनुमान तयार गरी सोही अनुसार १९२ वोरा ओ पि सि सिमेन्टको भुक्तानी भएको उपभोक्ता समितिले प्रति वोरा ५०० का दरले खरिद गरेको विजक पेश गरेको आधारमा सिमेन्टमा प्रति वोरा ४०० ले १९२ वोरा सिमेन्टमा बढी भुक्तानी भएको रु. ७६८०० मा छुट भएको मु अ कर रु. ९९८४ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९८४ |

५६.४ उपभोक्ता समितिले १९२ वोरा सिमेन्ट मात्र खरिद गरेको प्रमाण पेश गरेको अवस्थामा पालिकाले २२५ वोराको प्रति के.जी रु. १.४८ का सिमेन्ट ढुवानीको खर्च दिएकोमा खरिद भएको भन्दा बढी ३३ वोरा अर्थात १६५० के जी को रु.२४४२ भुक्तानी भएको उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४४२ |

५६.५ कार्यालयले उक्त उपभोक्ता समितिलाई लागत अनुमान तयार गर्दा कन्टिन्जिन्सी रकमको ४० प्रतिशत रकम म्यानेजमेन्ट कस्ट भनी रु. ६०९१६ भुक्तानी गरेकोमा उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,९१६ |

५६.६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले कुनै पनि निर्माण कार्य गर्दा तोकिए अनुसार जनश्रमदान वा लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिबाट निर्माण गरिने कार्यको लागि न्यूनतम् लागत साझेदारी १० प्रतिशत गर्नुपर्ने व्यवस्था गरेकोमा माथि उल्लेखित झोलुङ्गे पुल निर्माण उ.स ले २ प्रतिशत मात्र लागत साझेदारी गरेको देखिएकोले आगामी दिनमा पालिकाले तोकेको अनुसारको लागत साझेदारी गर्नुपर्दछ ।

५७ **समपुरक योजनामा बढी खर्च**

समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को वुदा नं २(क)अनुसार स्थानीय तहले १ करोड देखि १० करोड सम्म लागत अनुमान भएका योजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी कार्यविधि अनुसार राष्ट्रिय योजना आयोगमा पेश गर्ने र योजना आयोगबाट योजना स्वीकृत भइसकेपछि पालिकाले योजना संचालन गर्ने र वर्षान्तमा बचेको रकम संघ फिर्ता पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले निम्नानुसारको योजना निर्माण गर्नको लागि विनियोजन भएको बजेटबाट कार्यक्रम संचालन गरेकोमा अवस्थामा बचेको बजेट बर्षान्तमा फिर्ता गर्नुपर्नेमा सो नगरि वर्षान्तमा अर्को योजनाको लागि थप लागत अनुमान तयार गरी खर्च गरेको देखिएकोले त्यस्तो बचत रकम खर्च गर्न संघ (राष्ट्रिय योजना आयोग) बाट समर्थन प्राप्त गरेको पत्र पेश गर्नुपर्ने अन्यथा उक्त रकम फिर्ता गर्नुपर्ने रु.

| गो भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता रकम | कुल कार्यसम्पन्न रकम | बचत रकम | पुन ठेक्का लगाई खर्च भएको रकम | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १३/ २०८०/१२/५ | उबा देखि लापल हुँदै लिवाङी आँप वडा कार्यालय जाने बाटो | हरिसिद्धि कन्स्ट्रसन एण्ड सप्लायर्स | ९५९०७५८.८२ | ४२६०९३७.५४ | ४१७६३६२ | २९११८१९ | ३४७४०९८ (कोटेशन मार्फत लक्ष्मी निर्माण सेवालाई रु.८३३४५८ र ठेक्का नं. ६ को लागि उपकार बिल्डर्स एण्ड सप्लायर्सलाई रु.२६४०६४०) | २९११८१९ |

| प्रमाण पेश नगरेको | २९,११,८१९ |
|---|---|

५८ **गनारी सातम झोलुङ्गे पुल**

पालिकाले गनारी सातम झोलुङ्गे पुल निर्माणको लागि गनारी सातम झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी गो.भौ.नं. ४१/२०८१/३/२२ बाट रु.६१२०९४ भुक्तानी दिएकोमा एक्साभेसन वापत पालिकाले स्वीकृत गरेको रेट प्रति घन मिटर ४६४ भन्दा बढी हुने गरी ३२७.१२ घन मिटरको प्रति घ.मि. १३२६ (डोलीडारको नर्म्स) दिई रु.२८१८८५ बढी भुक्तानी भएको छ । फरक नर्म्सको प्रयोग गर्दा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी भई गाँउपालिकालाई बढी व्ययभार परेको छ । नर्म्समा एकरुपता कायम गर्नुपर्दछ ।

५९ **उवादेखि लापल हुँदै लिवाङीआप वडा कार्यालय जाने बाटो**

५९.१ पालिकाले उवादेखि लापल हुँदै लिवाङीआप वडा कार्यालय जाने बाटो निर्माणको लागि रु. ९५९०७५८।८२( पि एस आइटम र मू.अ.कर सहित) लागत अनुमान तयार गरी मिति २०८०।६।२१ गते सूचना प्रकाशन भएकोमा रु. ४२६०९३७.५४ कवोल गर्ने हरिसिद्धि कन्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०८१।३।२० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८०।९।२ मा सम्झौता गरी कार्यदेश दिएकोमा गो भौ नं ३।०८०।९।१३ बाट पेश्की बापत रु.७५४१४८ र प्रथम रनिङ्ग विल बापत गो भौ नं १३।०८०।१२।५ बाट रु.४१७६३६२ भुक्तानी भएको कार्यको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

५९.२ सम्झौताको कल्ज नं ५७.२ अनुसार निर्माण व्यवसायीले अधिकतम रुपमा कवोल अंकको १० प्रतिशत दिन सकिने व्यवस्था रहेकोमा पालिकाले माथि उल्लेखित कार्यको लागि निर्माण व्यवसायीको कवोल अंक रु.३७०४३६९.५०( मू अ कर र पि एस आइटम बाहेक) को १० प्रतिशतले हुने रु.३७०४३६.९५ सम्म भुक्तानी दिन सकिने र त्यस्तो पेश्की निर्माण कार्यको कुल अवधि मिति २०८०।९।२ देखि २०८१।३।२० को ८० प्रतिशत अवधि अर्थात मिति २०८१।२।१५ सम्म पेश्की कट्टी गरिसक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निर्माण व्यवसायीलाई सम्झौता भन्दा बढी रु.३८३७१२ दिएको देखिएकोले त्यसको १० प्रतिशतले ५ महिनाको व्याज बापत रु.१५९८८ असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १५,९८८ |
|---|---|

६० **विशेष योजना**

पालिकाले छरछरे अपुते लिफ्टीङ खानेपानी आयोजना, वडा न.-८ , १ को लागि रु. ७७९५३४३.६२ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु. ५७९७४२२.७७ कवोल गर्ने कुरेली निर्माण सेवा सँग NCB NB. RRM 2.080.81 लागि ठेक्का आव्हान गरी कार्यसम्पन्न भइ सकेको अवस्थामा बचेको बजेट संघ फिर्ता पठाउनुपर्नेमा त्यसबाट पुन: अर्को ठेक्का आव्हान गरी ठेक्का नं १० को

लागि गो भौ नं ३३।०८१।२।३२ बाट रु. १८१८६८० भुक्तानी भएको छ । विशेष आयोजना संचालन कार्यविधि, २०७५ अनुसार स्थानीय तहले जुन आयोजनाको लागि रकम विनियोजन भएको हो सो आयोजनाको लागि मात्र रकम खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले एक पटक कुल लागत अनुमान तयार गरी सो को ठेक्का लगाइसकेको अवस्थामा पुन: ठेक्का लगाई भुक्तानी भएको रकम संघबाट (राष्ट्रिय योजना आयोग) खर्च गर्ने समर्थन गरेको पत्र पेश गर्ने वा संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१८,६८० |

६१ **दोर्बाङ स्याउ लिवाङ झोलुङ्गे पुल**

पालिकाले दोर्बाङ स्याउ लिवाङ झोलुङ्गे पुल निर्माणको लागि दोर्बाङ स्याउ लिवाङ झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी गो.भौ.नं. ३९/२०८१/३/२१ बाट रु.५९८८२० भुक्तानी दिएकोमा एक्साभेसन वापत पालिकाले स्वीकृत गरेको रेट प्रति घन मिटर ४६४ भन्दा बढी हुने गरी २३३.१३ घन मिटरको प्रति घ.मि. १३२६ दिई रु.२००९५८ बढी भुक्तानी भएको छ । फरक नर्म्सको प्रयोग गर्दा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी भई गाँउपालिकालाई बढी व्ययभार परेको छ । नर्म्समा एकरुपता कायम गर्नपर्दछ ।

६२ **वीमा बापत रकम भुक्तानी**

६२.१ कार्यालयले उवादेखि लापल हुँदै लिवाङी आँप वडा कार्यालय जाने बाटो निर्माणको लागि रु.४७९११६५.४६ (मु.अ.कर र पीएस बाहेक) लागत अनुमान बनाई रु.२३७०२४३.६१ (मु.अ.कर र पीएस बाहेक) कबोल गर्ने उपकार विल्डर्स एण्ड सप्लायर्सलाई गो.भौ.नं. २४/२०८१/२/२ बाट रु.२६४०६४० भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

६२.२ बोर्ड वापत रु. ५००० भुक्तानी भएकोमा उक्त बोर्डको प्रमाण वा विल पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००० |

६२.३ कार्यालयले २०८१/१/२८ मा कार्यसम्पन्न भई सकेको अवस्थामा कार्यसम्पन्न भइसकेको मिति २०८१/१/२७ मा जारी भएको बीमा वापत रु.२५१७० भुक्तानी भएको देखिएकोले खरिद सम्झौता भएको ७ दिन भित्र वीमा गरी निर्माण कार्य शुरु गर्नुपर्ने कार्यादेश भएकोमा निर्माण व्यवसायीले उक्त अवधिमा वीमा नगरी भुक्तानी लिन मात्र वीमा गरेको देखिएकोले उक्त प्रयोजन विहिन तवरमा खर्च भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,१७० |

६३ **नविकरणीय ऊर्जा प्रविधि**

नविकरणीय उर्जा अनुदान परिचालन कार्यविधि, २०७३ अनुसार उपभोक्ता समितिको माध्यमबाट उनीहरुको १० प्रतिशत नगद योगदानको आधारमा उर्जामा सहयोग गर्न मद्दत गर्ने साना लधु जलविधुत जैविक उर्जा बायोग्यास पलान्ट जस्ता कार्यमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले नविकरणिय उर्जा शिर्षकमा विनियोजन भएको रकमबाट गाँउपालिकाका विभिन्न वडा कार्यालयमा सोलार लाईट खरिद गरेको भनी गो.भौ.नं. ३०/२०८१/२/२३ बाट न्यू ज्योति इनर्जि ट्रेडर्सलाई ६ थान सोलार आपूर्ति गरेवापत रु. ७७०६२८ भुक्तानी गरी कार्यविधि विपरित हुने अनियमित तरिकाले खर्च गरेको रकम नियमित हुनुपर्ने रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ७,७०,६२८ |

६४ **निर्माण व्यवसायीद्वारा निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्त समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सम्वन्धित सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था रहेको स्थानीय तहले आगामी दिनमा त्यस प्रकारका उपभोक्ता

समितिको लगत तयार गरी उपभोक्ता समितिले सम्झौता गरेको कुनै निर्माण कार्यमा संलग्न भएका निर्माण व्यवसायीलाई कालोसूचीका राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्दछ ।

| गो भौ नं र मिति | निर्माण कार्य | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १७।२०८०।८।१४ | बाटो मर्मत | काफ्लेनी डाँडा देखि सतिम जोड्न मो.बा. निर्माण उ.स. | स्वर्गद्वारी महाप्रभु कन्स्ट्रशन एण्ड सप्लायर्स | ३२०५६१ |
| २१।२०८०।९।२ | बाटो सरसफाई | ६ नं. वडाका सम्पूर्ण बाटो सरसफाई उ.स. | उपहार निर्माण सेवा | ४४९१८७ |
| २३।२०८०।९।१२ | बाटो सरसफाई | २ नं. वडाका सम्पूर्ण बाटो निर्माण उ.स. | स्वर्गद्वारी महाप्रभु कन्स्ट्रशन एण्ड सप्लायर्स | ३७७६७६ |
| २४।२०८०।९।१२ | बाटो मर्मत | वडाका सबै बाटो निर्माण उ.स. | पुन विल्डर्स प्रा.लि. | ५६१११४ |
| २६।२०८०।९।१७ | बाटो सरसफाई तथा मर्मत | धनचौर वडा कार्यालय बाटो सरसफाई उ.स. | उपहार निर्माण सेवा | ४४९७२१ |
| १३।२०८०।८।२३ | बाटो निर्माण तथा मर्मत | जवाङ सालवाङ कट्टेधारा भोर्ना सडक सरसफाई योजना | स्वर्गद्वारी महाप्रभु कन्स्ट्रशन एण्ड सप्लायर्स | ३३१८२३ |
| जम्मा | | | | २४९७०८२ |

६५ **विजक पेश नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई निर्माण कार्यको हरेक किस्ताको भुक्तानी दिदा प्राविधिक मूल्याङ्कन,बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात पेश गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । माथि उल्लेखित प्रावधान विपरित हुने गरी विभिन्न सडक बाटो स्तरोउन्नती उपभोक्ता समितिले सडक निर्माणको कार्य शत प्रतिशत निर्माण व्यवसायीको मेसिन प्रयोग गरी कार्यगरेकोमा कार्यसम्पन्न बराबरको बिलविजक तथा उपभोक्ता समितिले वास्तविक के काम गरेको हो सो खुल्ने कागजात पेश गर्नुपर्दछ ।

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायी | कार्यसम्पन्न | निर्माण व्यवसायीको विजक पेश | उपभोक्ता समितिलाई जनश्रमदान सहित भुक्तानी दिनुपर्ने रकम | जनश्रमदान बाहेक भुक्तानी भएको रकम | प्रमाण पेश गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| १७।२०८०।८।१४ | काफ्लेनी डाँडा देखि सतिम जोड्न मो.बा. निर्माण उ.स. | स्वर्गद्वारी महाप्रभु कन्स्ट्रशन एण्ड सप्लायर्स | ५५२६१७.१ | ३२०५६१ | ३५२६१७.१ | ३२०५६१ | ३२०५६ |
| २१।२०८०।९।२ | ६ नं. वडाका सम्पूर्ण बाटो सरसफाई उ.स. | उपहार निर्माण सेवा | ४९४१०५ | ४४९१८७ | ४९४१०५ | ४४९१८७ | ४९९१८ |
| २३।२०८०।९।१२ | २ नं. वडाका सम्पूर्ण बाटो निर्माण उ.स. | स्वर्गद्वारी महाप्रभु कन्स्ट्रशन एण्ड सप्लायर्स | ४१५४४३ | ३७७६७६ | ४१५४४३ | ३७७६७६ | ३८००० |
| २४।२०८०।९।१२ | वडाका सबै बाटो निर्माण उ.स. | पुन विल्डर्स प्रा.लि. | ५९०८४१.४४ | ५६१११४ | ५९०८४१.४४ | ५६१११४ | २९७२७ |
| २६।२०८०।९।१७ | धनचौर वडा कार्यालय बाटो सरसफाई उ.स. | उपहार निर्माण सेवा | ४७४७२१ | ४४९७२१ | ४७४७२१ | ४४९७२१ | २५००० |
| १३।२०८०।८।२३ | जवाङ सालवाङ कट्टेधारा भोर्ना सडक सरसफाई योजना | स्वर्गद्वारी महाप्रभु कन्स्ट्रशन एण्ड सप्लायर्स | ३६५००० | ३३४३२३ | ३६५००० | ३३१८२३ | ३०६७७ |
| १२/२०८०/७/१९ | गुहार खोला रानीबास बाटो सरसफाइ उ स | स्वर्गद्वारी महाप्रभु कन्स्ट्रशन एण्ड सप्लायर्स | २६०००० | २३९१५७ | २६०००० | २३९१५७ | २०००० |
| जम्मा | | | | | | | २२५३७८ |
| | | | | | | प्रमाण पेश नगरेको | २,२५,३७८ |

६६ **निर्माण सामाग्रीको बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार सार्वजनिक निकायले उपभोक्ता समितिसँग निर्माण कार्य गराउदा प्राविधिक बिल र त्यसलाई प्रमाणित गर्ने बिल विजकको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिलाई विभिन्न कार्य गर्नको लागि जिल्ला दर रेटको आधारमा लागत अनुमान तयार गरी कार्यदेश दिएकोमा उपभोक्ता समितिले निर्माण कार्यको लागि कम विजक पेश गरेको अवस्थामा समेत लागत अनुमानकै रकम भुक्तानी भएको हुदा विजक भन्दा बढी भुक्तानी भएको रकममा छुट मु अ कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी भएको आइटमहरु | लागत अनुमान अनुसार भुक्तानी भएको रकम (मू अ कर | विजक जारि भएको | बिजक भन्दा बढी भुक्तानी | बढी मु अ कर |
|---|---|---|---|---|---|---|
| २। २०८०। १०।१९ | डुङ्गा फल्ने डाँडा देखि शिवपार्वती गुफा हुँदै शालिवाङ जोड्ने सडक मो.बा. जोड्ने योजना | सिमेन्ट २६६ बोरा | २१२८०० | २०० बोराको औषत ५७५ का दरले ११५००० | ९७८०० | १२७१४ |

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १२,७१४ |
|---|---|

## ६७ रोयल्टी

लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा प्रदेशभित्र अनुसुची ६ बमोजिम पहाडका जिल्लाहरुमा ढुङ्गा, गिटी, बालुवा, ग्राभेल प्रति क्युव फिट रु.६ र माटो संकलनमा प्रति क्युव फिट रु.३ का दरले शुल्क लगाई असुल गरिने ब्यबस्था छ । स्थानीय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्यु फिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ । पालिका भित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो, ग्राभेल, ढुङ्गा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा भर्पाइको आधारमा खरिद गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो । भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गर्नुपर्दछ । (निर्माण सामाग्री प्रयोगका केही उदाहरणहरु)

| गो भौ नं र मिथि | उपभोक्ता समितिको नाम | निर्माण सामाग्री | परिमाण (क्यू फिट) | रोयल्टी |
|---|---|---|---|---|
| २/२०८०/११/१९ | डुङ्गा फल्ने डाँडा शिव गुफा हुँदै सालिवाङ जोड्ने मो.बा. निर्माण उ.स. | ढुङ्गा | १००२ | ६००७ |
| | | गिट्टी | ८६० | ५९९२ |
| ६/२०८१/२/२ | तालपानी च्यान घैरा जोड्ने मो.बा. निर्माण उ.स. | ग्रावेल | ७८७६ | ४७०७७ |
| | | ढुङ्गा | ३१७७ | १९०५७ |
| | | गिट्टी | ० | ० |
| ३०/२०८१/३/२३ | राष्ट्रिय मा.वि. भवन निर्माण उ.स. | बालुवा | १७००० | १०२००० |
| | | गिट्टी | ० | ० |
| जम्मा | | | | १७४१९० |

## ६८ निर्माण सामग्रीको लागत अनुमान भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समितिलाई हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको उपभोक्ता समितिलाई विभिन्न सामान खरिद गरेको कार्यको उपभोक्ता समितिले पेश गरेको बिजक भन्दा बढी दरमा भुक्तानी गरेकोले मु अ करवापत बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | सामाग्री खरिद | भुक्तानी रकम | विजक मूल्य | बढी भुक्तानी | छुट मु अ कर |
|---|---|---|---|---|---|---|
| ६२।०८०।१०।२३ | सालिबाँङ्ग धनचौर गैरा मोटरबाटो निर्माण उ स | डण्डी १५३० के जि | १५३० प्रति के जी रु. ११५ | १५३० के जी प्रति के जी रु. ८९ | ३९७८० | ५१७१ |
| | | सिमेन्ट २०० बोरा | २२० बोरा रु. ८०० | २२० बोराको प्रति वोरा ५७५ | ४५००० | ५८५० |
| १८६।०८०।१२।२२ | होलेरी बजार देखि दलित टोलसम्म बाटो निर्माण उस | सिमेन्ट २२४ वोरा | २२४ वोरा प्रति बोरा ८०० का दरले | २२४ वोराको प्रति वोरा ५३१ | ४०२५६ | ५२३३ |
| १८४।०८०।१२।२२ | घटिङ्ग खोला तेलबाँङ्ग सिंचाई उ स | डण्डी १५५६ के जी | डण्डी १५५६ के जी प्रति के जी ११५ | विजक प्रति के जी ८४ | ४८२३६ | ६२७० |
| | | सिमेन्ट ४०० बोरा | ४०० बोरा रु. ८०० | ४०० बोराको प्रति वोरा ५७५ | ९०००० | ११७०० |
| ३६८/२०८१/३/१९ | सुर्पाल पुरानो गाउँ लिगा मो.बा. निर्माण उ.स. | सिमेन्ट | १७५ बोरा रु. ८०० | १३० बोराको प्रति वोरा ५१७ | ७२६९० | ९४५० |
| | | | | | | ४३६७४ |
| | | | | | असुल गर्नुपर्ने | ४३,६७४ |

६९ **जटिल कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशीन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

७० **औषधी खरिद**

७०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष औषधी र औषधीजन्य आइटमको लागि संघीय सशर्तबाट रु.१२ लाख ७४ हजार र पालिकाबाट औषधी खरिद कार्यक्रमको लागि रु.१५ लाख विनियोजन गरी प्रथम पटक बोलपत्रको माध्यमबाट औषधी खरिद गर्नको लागि रु.२६३२८८५ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा रु.१३९६६७४ कबोल गर्ने जुग्रु फार्मास्युटिकल्स प्रा.लि. सँग सम्झौता गरी माथि उल्लेखित परिमाणको मिति २०८१।१।१५ मा दाखिला प्रतिवेदनको आधारले गो.भौ.नं. ४६/२०८१/३/२३ बाट रु.१३९६६७४ र सोही दरको आधारमा औषधी अपुग भएको भनी पुन सोही चुनचुन फार्मेसीसँग औषधी खरिद गरी गो.भौ.नं. १८९/२०८१/३/२ बाट रु.९४२५३१ गरी कुल रु.२३३९२०५ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

७०.२

क) पालिकालाई आवश्यक पर्ने औषधी र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।
ख) आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख हुनुपर्नेमा नमुनागत केही औषधीको म्याद जाँच गर्दा यमोक्सिसिलिनको अन्तिम म्याद अक्टोवर २५ हुनुपर्नेमा सेप्टेम्बर २५ मात्र रहेको देखिएकोले पालिकाले आगामी दिनमा औषधी खरिद गर्दा त्यसको रुजु मिति, परिमाण र गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न गरेर मात्र रहेको गर्नुपर्दछ ।
ग) आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।
घ) यस वर्ष पालिकाले माथि उल्लेखित फर्मसँग रु.२३३९२०५ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा मुचुल्का तयार गरेको छैन । जसले गर्दा पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

### ७१ सिलाई कटाई तालिम

७१.१ सीपमूलक तालिम कार्यक्रममा उद्‌घाटन समारोहमा उपस्थिति भएका कर्मचारी तथा पदाधिकारीलाई अतिथी भत्ता दिने व्यवस्था नभएकोमा मिति २०८१/१/२१ मा २ महिने एड्भान्स कटाई सिलाई तालिमको उद्‌घाटन समारोहमा उपस्थित भएको भनी २ जना जनप्रतिनिधि र ३ जना कर्मचारीलाई जनही रु.१५०० का दरले अतिथि भत्ता वापत कर बाहेक रु.६३७५ भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३७५ |

७१.२ लुम्बिनी प्रदेशद्वारा जारी सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ अनुसार आवधिक सीपमूलक तालिमको लागि प्रशिक्षकलाई मासिक रु.४०००० भुक्तानी गर्न सकिनेमा प्रशिक्षक श्री भीम बहादुर थापा मगरलाई मासिक रु.४५००० का दरले २ महिनाको रु.९०००० भुक्तानी दिई बढी भुक्तानी भएको रु.१०००० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

७१.३ पालिकाले एड्भान्स २ महिने सिलाई कटाई तालिम मिति २०८०/११/२० देखि २०८१/१/२० सम्म रुन्टीगढी ८ मेलटाकुरामा ८ जना प्रशिक्षार्थीलाई प्रशिक्षक भिम बहादुर थापा मगरले प्रशिक्षण दिई कार्यक्रम संचालन गरेको आधारमा गो.भौ.नं. १८०/२०८१/२/२८ बाट रु.२४०००० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

### ७२ बाइजा दुविडाँडा झो पु

७२.१ पालिकाले संघीय सरकारको ८५ प्रतिशत, लाभग्राही समुदायको २ प्रतिशत र स्थानीय तहको १३ प्रतिशत लागत साझेदारी हुनेगरी आरुचौर इरुवार ट्रष्ट पुल निर्माण उपभोक्ता समितिसँग रु.३५६३९१० मा सम्झौता गरी कार्यदेश दिई हालसम्म गौ.भौ.नं. २/०८०।७। १४ बाट रु.१०१६३२३ भुक्तान भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

७२.२ पालिकाले मिक्स माटो कटानीको प्रति घ.मि. रु.४८२ का दरले पालिकाले रेट स्वीकृत गरी भुक्तानी दिईरहेको अवस्थामा मिक्स स्वाइल कटिङ्ग बापत प्रति घ मी रु. ११६४.५ का दरले भुक्तानी दिई ३८ घ मी मिक्स माटो कटिङ्ग बापत बढि भुक्तानी भएको रु.२५९३५ असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,९३५ |

७२.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथिको झो पु निर्माणको लागि १९६ वोरा सिमेन्ट भ्याट वाहेक रु.८०० प्रति बोरा भुक्तानी भएको देखिएको र उपभोक्ता समितिले प्रति वोरा रु. ५०५ का दरले मू. अ. बिजक पेश गरेको हुदा मु अ कर बापत बढी भुक्तानी भएको रु. ७५१७ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५१७ |

७२.४ (लुम्बिनी प्रदेश) प्रदेश आर्थिक ऐन, २०८० को अनुसुची ६ अनुसार पहाडी जिल्लामा ढुङ्गा, गिटी, बालुवामा प्रति घ.मि. रु.६ का दरले रोयल्टी बापत रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले झोलुङ्गे पुल निर्माणमा स्थानीय तहले स्थानीय सामाग्री गिट्टी, बालुवा र ढुङ्गामा रोयल्टी नलगाई सामाग्री प्रयोग गर्न दिएको अवस्थामा रोयल्टी संकलन गरी राजश्व बृद्धि तर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## ७३ **१० दिने चुरा पोते वनाउने तालिम**

७३.१ पालिकाले १० दिने चुरा पोते बनाउने तालिमको लागि मिति २०८०/११/२१ देखि २०८०/११/३० सम्म ११ जना प्रशिक्षार्थीलाई रुन्टीगढी ४ मसिनामा प्रशिक्षक देउ कुमारी रानाले प्रशिक्षण दिएको भनी गो.भौ.नं. १४६/२०८१/१/१७ बाट दिलमाया घर्ती मगरको नाममा रु.१ लाख भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारका व्यहोरा देखियो ।

७३.२ लुम्बिनी प्रदेशद्वारा जारी सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची ५ अनुसार ७ दिनभन्दा बढीको तालिममा आवधिक रुपमा स्रोत व्यक्तिलाई ३० कार्य दिनसम्म प्रति दिन न्यूनतम २ वटा कक्षा लिए वापत प्रति दिन रु.१४०० का दरले भत्ता दिन सकिने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित सीपमूलक तालिमको लागि देउ कुमारी रानालाई प्रति दिन रु.२५०० का दरले १० दिनको रु.२५००० भुक्तानी दिई बढी भुक्तानी भएको रु.११००० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,००० |

## ७४ **डाटा भिडान**

पालिकाले सामाजिक सुरक्षाको विवरण तयार गर्दा आ.व. २०७९।८० मा अन्तिममा कायम भएको लाभग्राहीलाई आ.व. २०८०।८१ को सुरुमा जिम्मेवारी सारी त्यसमा लगत कट्टाको विवरण कट्टी गरी नया थप विवरण गरी नयाँ लागभ्राहीको विवरण तयार गरी भुक्तानी दिनुपर्नेमा पालिकाले तयार गरेको डाटा फरक परेको हुदा पालिकाले छानविन गर्नुपर्दछ ।

| लक्ष्य समूह | गत वर्षको अन्तिम त्रैमासिकमा कायम रहेका लाभग्राहीको संख्या | यस आ.व. मा नवीकरण भएको संख्या | फरक संख्या |
|---|---|---|---|
| अन्य ज्येष्ठ नागरिक भत्ता | १०४३ | १०४२ | १ |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | १९६ | १९६ | ० |
| ज्येष्ठ नागरिक एकल महिला | २१९ | २१९ | ० |
| विधवा | ४०२ | ४०१ | १ |
| पूर्ण अपांगता भत्ता | ४२ | ४२ | ० |
| अति अशक्त अपांगता भत्ता | १०३ | १०२ | १ |
| क्षेत्र तोकिएका बालबालिका | २२५० | २१७४ | ७६ |
| दलित बालबालिका | ५६९ | ५४८ | २१ |
| लोपउन्मुख जाती | ३ | ३ | ० |
| जम्मा | ४८२७ | ४७२७ | १०० |

## ७५ **सामाजिक सुरक्षा भत्ता**

७५.१ पालिकाले यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा रु.१० करोड ४३ लाख ८३ हजार निकासा दिई रु.१० करोड ४३ लाख ८३ हजार लाभग्राहीलाई वितरण गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

७५.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसुची १० मा बैंकले निश्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाँउपालिकालाई जानकारी दिनुपर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट ग्लोवल आई.एम.ई बैंक, सुलिचौर रोल्पा शाखासँग सम्झौता गर्दा निश्कृय खाताको विवरण पालिकालाई प्रत्येक श्रावण र माघ महिना भित्र दिनुपर्ने व्यवस्था उल्लेख गरेको छ । तर बैंकबाट निश्कृय खाताको विवरण उपलब्ध गराउने साथै निश्कृय खाताको रकम फिर्ता गर्ने गरेको छैन यस सम्वन्धी पालिकावाट अनुगमन समेत भएको छैन । पालिकावाट निष्कृय खातामा रकम जम्मा हुने, दोहोरो पर्ने सम्भावना रहन्छ । लाभग्राहीको निष्क्रिय खाता संख्या र रकम सम्बन्धमा एकिन भएन । अतः गाँउपालिकावाट लाभग्राहीको खाताको विवरण अद्यावधिक सम्बन्धी समय समयमा अनुगमन र नियमन गर्नुपर्दछ । पालिकाले निश्कृय खातामा रहेको रु.२ लाख ६९ हजार २२६ मिति २०८१।५।१७ मा बैंक दाखिला गरेको छ । अन्य रकमसमेत एकिन गरी दाखिला गर्नपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रुन्टीगढी गाउँपालिका, रोल्पा , रुन्टीगढी गाउँपालिका , रोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रेमन्त बहादुर डाँगी | २०७९-५-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | झगु के.सि. | २०७६-९-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०८६,०६० | २,६२२,३१० | ८,७१५,७३७ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १२,४२४,१०७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २४,३९० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १२,३९९,७१७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४१३३०५४६.९२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०९९५२९३७.३ | चालु खर्च | ३२६६०४५७२.३ |
| प्रदेश सरकारबाट अनुदान | ३०६४४००० | पूँजीगत खर्च | १४०९७३२६३ |
| राजश्व बाँडफाँट | १०२७६७४१३.९६ | वित्तीय/अन्य व्यवस्था | १०६०२९०००.१९ |
| आन्तरिक आय | १०५९२४८९.६ | | |
| अन्य आय | १०४३८३६०४ | | |
| कुल आय | ५५८३४०४४४.८६ | कुल खर्च | ५७३६०६८३५.४९ |
| बाँकी मौज्दात | | २६०६४१५६.२९ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शिर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नगरेकोले तोकिए बमोजिम आन्तरिक नियन्त्रण कायम गर्नका लागि आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।